म.जि.प्र.का दर्ता नः
१०४/०६७/०६८

समृद्धि प्रकाशन प्रा. लि.
हेटौँडा, मकवानपुर

म.जि.हु.का.द.नं.
३०/०६९/०७०

बागमती प्रदेशको राजधानी हेटौँडाबाट प्रकाशित लोकप्रिय 'क' वर्गको समाचारपत्र

# समृद्ध समाज

SAMRIDDHA SAMAJ NATIONAL DAILY राष्ट्रिय दैनिक

वर्ष:१४ अङ्कः- २७९ २०८० भदौ १८ गते सोमबार 4 September 2023, Monday - पृष्ठ ४ मूल्य रू. ५/-

## छतबाट लडेर मजदुरको मृत्यु

हेटौँडाः हेटौँडा-३, बसामाडीमा निर्माणाधिन घरमा काम गर्दै गरेका मजदुरको छतबाट लडेर शनिबार मृत्यु भएको छ । मञ्जु लामाको निर्माणधिन घरमा ईट्टा बोक्ने क्रमामा दिनको ३ बजेर ३० मिनेटको समयमा स्थानीय मजदुर ६० वर्षीया लक्ष्मी खड्का छतबाट खसेकी थिइन् ।

छतबाट लडेर घाइते भएकी खड्काको हेटौँडा-११ स्थित चुरहिल अस्पतालमा उपचारको क्रममा शनिबार दिनको ४ बजेर ५० मिनेटको समयमा मृत्यु भएको बागमती प्रदेश प्रहरी कार्यालय हेटौँडाले जनाएको छ ।




**मूल्यवृद्धिको विरोध**ः नेपाल आयल निगमले पेट्रोलियम पदार्थको मूल्यवृद्धि गरेको विरोधमा युवा संघ नेपाल मकवानपुरले आइतबार हेटौँडामा गरेको विरोध प्रदर्शन । प्रमुख प्रतिपक्षी दल नेकपा एमालेको भातृ संगठन युवा संघ नेपाल मकवानपुरले पेट्रोलियम पदार्थको मूल्यवृद्धिको विरोधमा आइतबार हेटौँडाको सीमाचोकदेखि बुद्धचोकसम्म मोटरसाइकल र स्कुटर डोऱ्याएर विरोध प्रदर्शन गरेका हुन् । बिहिबार रातीदेखि लागुहुने गरी नेपाल आयल निगमले पेट्रोलियम पदार्थको मूल्य बढाएको थियो ।

## हेटौंडाबाट एक युवतीको उद्दार



समाज संवाददाता

हेटौंडाः बागमती प्रदेशको राजधानी हेटौंडाबाट एक वेवारिसे युवतीको उद्दार गरिएको छ। हेटौंडा उपमहानगरपालिकाका नगर प्रहरीको सहयोगमा हेटौंडा–९, मयूरधापस्थित मानव सेवा आश्रमले २१ वर्षीय युवतीको उद्दार गरेको हो ।

आइतबार शारीरिक तथा मानसिक अवस्था कमजोर भएकी युवतीको उद्दार गरी मानव सेवा आश्रमको कार्यालय लागिएको छ । उद्दार गरिएकी महिलाको नाम जानुका रहेको बताइएको छ। उनको बारेमा थप विवरण बुझ्न पारिवारको खोजी भइरहेको र उक्त कार्यमा सहयोग गर्नसमेत मानव सेवा आश्रमले अपिल गरेको छ । उद्दार गरिएकी महिलाको शारीरिक र मानसिक उपचार सेवा सुरु गर्ने आश्रमका अभियन्ता होमनाथ पौडेलले जानकारी दिनुभयो ।

## आँखा पाक्ने रोग बिस्तारै घट्दै

समाज संवाददाता

हेटौंडाः हेटौंडामा आँखा पाक्ने रोग बिस्तारै कम हुँदै गएको छ । हेटौंडा सामुदायिक आँखा अस्पतालमा आँखा पाकेर आउने विरामी करिब २५ प्रतिशतमा झरेका छन् ।

करिब २ साता अघि हेटौंडा सामुदायिक आँखा अस्पतालमा आउने विरामीमध्ये करिब ८० प्रतिशत बिरामी आँखा पाक्ने समस्याले आउने गरेका थिए । आँखा पाक्ने विरामीको संख्या करिब २ तिहाईले कम भएको हेटौंडा सामुदायिक आँखा अस्पतालका आँखा विशेषज्ञ डा. सुनिल थकालीले जानकारी दिनुभयो ।

गत बुधबार अस्पतालमा आएका ३ सय बिरामीमध्ये ८४ जनामा आँखा पाक्ने रोग देखिएको थियो । बिहीबार १ सय ६० जनामध्ये ६० जनामा यो समस्या देखिएको अस्पतालको तथ्यांक छ । डा. थकालीका अनुसार आँखा पाक्ने रोग पूर्णरुपमा घट्न अझै समय लाग्छ । आँखा पाक्ने रोग पूर्णतया रोकिन अझै एक महिना लाग्नसक्ने उहाँको अनुमान छ ।

'आँखा पाक्ने रोगको सावधानी अपनाउनु पर्छ', डा. थकालीले बताउनुभयो- 'यो रोगबाट डराउनु पर्दैन ।' आँखा पाक्ने रोग अझै पनि १८ वर्ष मुनिका बालबालिकामा संक्रमण बढी भेटिएको उहाँले जानकारी दिनुभयो । भिडभाडमा गए, संक्रमित व्यक्तिले छोएको ठाउँमा छोएर हात नधोइकन आँखामा छोए, संक्रमित व्यक्तिले प्रयोग गरेको रुमाल, तकिया प्रयोग गरे, संक्रमित व्यक्तिको नजिक गइरहे आँखा पाक्ने रोगबाट संक्रमण भइने उहाँको भनाइ छ ।

अहिलेको समयमा आँखा अस्पतालमा औसतमा ३ सय बिरामी आउने गरेका छन् । जसमा धेरै चस्माको पावर कम भएर आउने गरेको डा. थकालीले बताउनुभयो । अस्पतालमा चस्माको पावर कम भएका विरामी ५० प्रतिशतको हाराहारीमा आउने गरेको उहाँले जानकारी दिनुभयो । चस्माको पावर कम भएर आउने विरामी अधिकांश ४० वर्ष उमेर माथिका हुने उहाँले बताउनुभयो ।

## समाजवादी मोर्चाको सन्देश सभा
## दाहाल, नेपाल र चन्द तीनैजना हेटौँडा आउने

समाज संवाददाता

हेटौँडाः सत्तारुढ ४ दलको समाजवादी मोर्चाले बागमती प्रदेशको राजधानी हेटौँडामा भदौ २४ गते सन्देश सभाको आयोजना गर्ने भएको छ । मोर्चा गठनको औचित्य बताउने उद्देश्यले आयोजना गरिएको सन्देश सभालाई सम्बोधन गर्न प्रधानमन्त्री एवम् नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल, नेकपा (एकीकृत समाजवादी) का अध्यक्ष माधवकुमार नेपाल र नेकपाका महासचिव नेत्रविक्रम चन्द हेटौँडा आउने निश्चित भएको नेकपा एकीकृत समाजवादीका मकवानपुर जिल्ला सचिवालय सदस्य माधव तिमल्सिनाले जानकारी दिनुभएको छ ।

समाजवादी मोर्चाको अर्को घटक जनता समाजवादी पार्टी (जसपा) का अध्यक्ष उपेन्द्र यादव पनि सहभागी हुने विषय भने अझै निश्चित भइनसकेको तिमल्सिनाले बताउनुभएको छ । सन्देश सभासँगै प्रदेशस्तरीय मोर्चा पनि गठन गरिने बताइएको छ । ४ वटै पार्टीका ४/४ जना सदस्य रहने गरी १६ सदस्यीय मोर्चा गठन गरिने उहाँको भनाइ छ । समाजवादी मोर्चा गठनको औचित्य र सरकारले गरेका राम्रा कामका बारेमा पार्टीका कार्यकर्तालाई स्पष्ट पार्ने उद्देश्यले सन्देश सभाको आयोजना गरिएको बताइएको छ ।

## विभिन्न घटनामा ३ जनाको मृत्यु

समाज संवाददाता

हेटौँडाः विभिन्न घटनामा ३ जनाको मृत्यु भएको छ । काभ्रे, नुवाकोट र दोलखामा विभिन्न घटनामा परी ३ जनाको मृत्यु भएको प्रदेश प्रहरी कार्यालय हेटौँडाले जनाएको छ ।

काभ्रे जिल्लाको रोशी गाउँपालिका-११, रोशीखोलामा एकजना वृद्ध मृत फेला परेका छन् । मृत फेला पर्ने सुर्खेत जिल्लाको वीरेन्द्रनगर नगरपालिका-५, चिसापानी घर भई हाल रोशी गाउँपालिका-९, लाजपालस्थित चर्चका ७२ वर्षीय जित बहादुर गुरुङ रहेको प्रहरीले जनाएको छ । शनिबार बिहान ७ बजेको समयमा रोशी नदीको बीच भागको ढुङ्गामा अड्केको अवस्थामा गुरुङको शव फेला परेको प्रहरीले जनाएको छ। मुचुल्का पश्चात शव पोष्टमार्टमका लागि धुलिखेल अस्पताल लगिएको प्रहरीले जनाएको छ ।

यस्तै, नुवाकोट जिल्लाको बिदुर नगरपालिका-१०, बेत्रावतीमा टिफरको टायरले च्याप्दा एकजनाको मृत्यु भएको छ । मृत्यु हुनेमा रसुवा जिल्लाको उत्तरगया गाउँपालिका-१ गोगनी घर भई हाल बिदुर नगरपालिका बस्ने ३७ वर्षीय कामी तामाङ रहेको प्रहरीले जनाएको छ। शनिबार उत्तरगया हार्डवयरको बालुवा डिपोमा बा ४ ख ४३४२ नम्बरको टिफर बालुवा लोड गर्दा ब्याक गर्ने क्रममा पछाडीको टायरले च्याप्दा तामाङ गम्भिर घाईते भएका थिए । घाइते तामाङलाई उपचारका लागि जिल्ला अस्पताल नुवाकोट लगिएकोमा उपचारको क्रममा मृत्यु भएको प्रहरीले जनाएको छ ।

यस्तै, दोलखा जिल्लाको भिमदत्त नगरपालिका-८, बोचमा एकजना पुरुष मृत फेला परेका छन् । मृत फेला पर्नेमा ३८ वर्षीय ज्ञान बहादुर तामाङ रहेको प्रहरीले जनाएको छ । तामाङ शनिबार बिहान ८ बजेर ३० मिनेटको समयमा आफ्नै घरमा सुतेकोमा ठाउँमा मृत अवस्थामा फेला परेको प्रहरीले जनाएको छ ।

## विद्युतीय पासोमा परी महतोको मृत्यु

समाज संवाददाता

हेटौँडाः चितवन जिल्लाको माडी नगरपालिका-३, धोबहामा जंगली जनावरबाट बाली बचाउन लगाएको विद्युतीय पासोमा परी शनिबार एक युवकको मृत्यु भएको छ । विद्युतीय पासोमा परी २६ वर्षीय धिरन महतोको मृत्यु भएको बागमती प्रदेश प्रहरी कार्यालय हेटौँडाले जानकारी दिएको छ ।

करेन्ट लागेर घाइते भएका महतोलाई माडीस्थित बघौडा अस्पतालमा सामान्य उपचार पश्चात थप उपचारका लागि भरतपुरतर्फ पठाएको थियो । उपचारको क्रममा महतोको शनिबार राती ११ बजेर ५ मिनेटमा मृत्यु भएको प्रहरीले जानकारी दिएको छ ।

सामुदायिक रेडियो,
रेडियो निकास
९३.४ मेगाहर्ज
सुनौं र सुनाऔं
रेडियो निकास ९३.४
The Voice of Community

## डेंगुको प्रकोप बढ्दो

समाज संवाददाता

हेटौंडाः मकवानपुरमा दिन प्रतिदिन डेंगुको प्रकोप बढ्दै गएको छ । आइतबार मात्र मकवानपुरमा २३ जनामा डेंगु संक्रमण पुष्टि भएको छ ।

डेंगु पुष्टि हुनेमा १८ जना हेटौंडा उपमहानगरपालिकाका बासिन्दा रहेको तथ्यांक छ। मकवानपुर जनस्वास्थ्य कार्यालयले सार्वजनिक गरेको तथ्यांकअनुसार मकवानपुरगढीका एक जना, मनहरी गाउँपालिका र भीमफेदी गाउँपालिकाका २–२ जनामा डेंगु संक्रमण पुष्टि भएको हो ।

मकवानपुरमा साउनदेखि हालसम्म ३ सय ५१ जनामा डेंगु पुष्टि भएको छ । डेंगु पुष्टि हुने अधिकांश हेटौंडा उपमहानगरपालिकाका बासिन्दा रहेका छन् । हेटौंडाका मात्र २ सय ४१ जनामा डेंगु संक्रमण पुष्टि भएको छ । हेटौंडाका १ सय २२ पुरुष र १ सय १९ महिलामा डेंगु संक्रमण पुष्टि भएको छ ।

## संसारी पुलमुनी भेटिएका व्यक्तिको मृत्यु

समाज संवाददाता

हेटौँडाः हेटौँडा-१५ स्थित संसारी पुलमुनी भेटिएका मानिसको मृत्यु भएको छ ।

भदौ ७ गते गते संसारी पुलमुनी भेटिएका अन्दाजी ४५ वर्षीय पुरुषको परिचय समेत खुल्न सकेको छैन । बिरामी अवस्थामा फेला पारेका पुरुषलाई उपचारका लागि चितवन पठाएकोमा उपचारको क्रममा शनिबार बिहान मृत्यु भएको प्रदेश प्रहरी कार्यालय हेटौँडाले जानकारी दिएको छ ।

गुणस्तरीय अनि विश्वसनीय प्रयोगशाला

QRL (Qualified Reference Lab)



हामीकहाँ थाइराइड, बायप्सी, रुटिन टेस्ट, भिटामिन जाँच, क्यान्सर मार्करलगायत प्रयोगशाला सेवा रहेका छन् । हरेक महिनाको अन्तिम शनिबार थाइराइड परीक्षणमा ५० प्रतिशत छुट, फास्टिङ तथा पीपीमा सुगर टेस्ट फ्रि ।

सम्पर्क ०५७-५९०९७७
QRL (Qualified Reference Lab)
हेटौँडा-१, ब्लडबैंकअगाडि




We Are Open

हाम्रो सेवाहरू:

- ताजा तरकारी/फलफूल होलसेल तथा खुद्रा बिक्री गरिन्छ ।
- फ्रेस जुस/फ्रुट सलाद पार्टी सेमिनारको लागि प्याकिङको पनि व्यवस्था छ ।



- BUBBLE TEA, SMOOTHIES, MILKSHAKE, LASSI
- लोकल अन्नबाली
- ग्रीन प्लान्ट/गमला
- व्यावसायिक कृषि सम्बन्धि आवश्यक परामर्श सेवाहरु

सम्पर्कः ९८४५४३८८६०/०५७-५९११५९

DURBAR AGRO MART

Hetauda–4, Shitalmahal road

## सम्पादकीय

# मूल्यवृद्धिको कारण खोजौं

पछिल्लो समय बजारमा तरकारीको मूल्यमा निकै उतारचढाव भइरहेको छ । प्राय: सबैजसो तरकारी र अचारका लागि प्रयोग हुने गोलभेंडाको मूल्य अचाक्ली बढ्दा आम उपभोक्ता मारमा परेका छन् । केही दिनअघि घट्न थालेको गोलभेंडाको मूल्य फेरि बढ्न थालेपछि मूल्य घटबढ हुनुको कारण खोज्नुपर्ने आवश्यकता बनेको छ । गोलभेंडामात्र होइन, नेपाली बजारमा प्याज, लसुन, अदुवाजस्ता भान्सामा नियमित प्रयोग हुने वस्तुको मूल्यवृद्धि पनि स्वभाविक छैन । विशेषगरी भारतीय तथा चिनियाँ बजारमा निर्भर लसुन, प्याजको मूल्यवृद्धिको बाह्य कारण हुनसक्ने भए पनि नेपालमै पर्याप्त उत्पादन हुने अदुवाको मूल्य पनि स्वभाविक छैन । आम उपभोक्ताको दैनिकीमा प्रत्यक्ष प्रभाव पार्ने गरी सबैजसो तरकारीको मूल्यवृद्धि भइरहेको छ । यस्तै, दाल, चामल, पिठो, जिरा, चिनीलगायत वस्तुको मूल्य पनि निकै बढिरहेको छ । खाद्यान्न, गेडागुडी, तरकारी, दुग्ध पदार्थ, माछामासु, फलफूललगायत अन्य दैनिक उपभोग्य वस्तुहरुको मूल्यवृद्धिले आम उपभोक्तालाई प्रत्यक्ष असर पर्दछ । अत्यावश्यक वस्तुको मूल्यवृद्धिले आम सर्वसाधारणको दैनिकी प्रभावित भइरहेको छ ।

पछिल्लो समय तरकारीमा भइरहेको मूल्यवृद्धिले न्यून आय भएका उपभोक्तालाई बिहान-बेलुकाको छाक टार्न मुस्किल पर्दै गएको छ । न्यून आम्दानी भएका उपभोक्ताले एक छाकमा एकथरी तरकारी पकाउनसम्म मुस्किल पर्ने अवस्था आउने सम्भावना बढेको छ । सामान्य कमाई भएका उपभोक्ताका लागि भान्छाको तरकारी नै महंगो बन्न पुगेको छ । तरकारी र अन्य उपभोग्य वस्तसको आकाशिएको मूल्यले आम सर्वसाधारणका चुलोलाई प्रभावित पार्ने अवस्था बन्न लागेको छ । बजारमा कुनै पनि वस्तुको मूल्य बढ्नका लागि कुनै उपयुक्त कारण आवश्यक हुन्छ । बिनाकारण मूल्यवृद्धि हुन सक्दैन । वस्तुको माग र पूर्तिका कारण केही वस्तुको मूल्यमा अल्पकालीन र सामान्य प्रभाव पर्ने भए पनि सबै वस्तुको मूल्यवृद्धिमा त्यसलाई उचित कारण मान्न सकिँदैन ।  राज्यले कर बढाएमा, ढुवानी भाडा वृद्धि भएमा, कच्चापदार्थको मूल्य बढेमा, श्रमिकको ज्याला बढेमा वस्तुको मूल्यवृद्धि हुनसक्छ, जसलाई जायज कारण मानिन्छ ।

विभिन्न प्राकृतिक प्रकोप, बन्द-हड्तालजस्ता कारणले मागअ र आपूर्तिबीच सन्तुलन हुन नसक्दा मूल्यमा घटबढ हुनु स्वभाविक भए पनि नेपाली बजारमा यो विशेषताले काम गर्ने गरेको छैन । नेपाली बजारमा वस्तुको मूल्यवृद्धि हुनका लागि केही कारण नै चाहिँदैन । बजारमा वर्चश्व जमाएर बसेका बिचौलियाले चाहेमा वस्तुको मूल्य बढ्ने वा घट्ने अवस्था हाम्रो बजारको विशेषता बनेको छ । वस्तुको आपूर्तिमा केही कमी वा मागमा केही वृद्धि हुनेबित्तिकै बिचौलियाले आपसी मिलेमतो गरेर वस्तुको अस्वभाविक मूल्यवृद्धि गर्दछन् । अहिले खाद्यान्न, तरकारीलगायत अन्य उपभोग्य वस्तुको मूल्यवृद्धिको मुख्य कारण पनि यही हुनसक्छ । सामान्यरुपमा हेर्दा आजको भोलि नै तरकारीको मूल्य ५० देखि शतप्रतिशतसम्म वृद्धि हुनुलाई अन्य स्वभाविक कारणको प्रभाव मान्न सकिँदैन । तरकारीको बजारीकरणमा देखिएका बिचौलिया तथा व्यवसायीहरुकै मिलेमतोबाट तरकारी मूल्य निर्धारण हुने कारण तरकारीको मूल्यवृद्धिमा कुनै खास कारण आवश्यक नहुने सहजै अनुमागन गर्न सकिन्छ ।

मागअनुसारको आपूर्ति हुन नसकेकाले मूल्य बढेको भनिए पनि त्यतिमात्र मूल्यवृद्धिको कारण नहुनसक्छ । अनियन्त्रित र अस्वभाविक ढंगले तरकारीको मूल्यमा उतारचढाव भइरहँदा नियमनकारी निकाय उदासिन बनिदिनुले बजारमा थप अराजकता बढ्ने सम्भावना देखिन्छ । तरकारी तथा अन्य वस्तुको बजारमा दिनहुँ भइरहने मूल्यान्तरले किसान र उपभोक्ता दुबैलाई फाइदा हुँदैन । यसको फाइदा केबल बिचौलिया र व्यवसायीले उठाउँछन् । सामान्यतया: किसानसँगै सधैंजसो एउटै मूल्यमा खरिद गरेर ल्याउने गरिएको भए पनि बिचौलियाले अस्वभाविक मूल्यवृद्धि गरेर उपभोक्तालाई महंगोमा बिक्री गर्ने परिपाटीको अन्त्यका लागि मूल्यवृद्धिको उपयुक्त कारणको खोजी गर्नु आवश्यक हुन्छ । यसका लागि सरकारले मूल्य निर्धारणसम्बन्धी स्पष्ट नीतिगत र कानुनी व्यवस्था गर्नुका साथै नियमनकारी निकाय चनाखो बन्नुपर्छ । सम्बद्ध निकायले मूल्यवृद्धिका कारण खोजी गर्दै बजारमा देखिने बिचौलियाको बिगबिगी अन्त्य गर्नु आवश्यक छ ।

## महत्वपूर्ण फोन नम्बरहरु

| | |
|---|---|
| जिल्ला प्रशासन कार्यालय ५२०४९५ | फापरबारी इलाका ६२१९८० |
| जिल्ला प्रहरी कन्ट्रोल १०० | चित्लाङ इलाका ६२१००० |
| ट्राफिक प्रहरी १०३ | वारुण यन्त्र १०१ |
| वडा प्रहरी  ५२०२९९ | बालबालिका खोजतलास केन्द्र १०४ |
| पशुपतिनगर इलाका ५२०५९८ | बाल हेल्पलाइन १०९८ |
| मनहरी इलाका ९८५५०९०१६१ | हेलो सरकार ११११ |
| भीमफेदी इलाका ६९१४६२ | नेपाल टेलिकम सोधपुछ १९७ |
| पालुङ इलाका ६२०४६७ | |

## तपाईको राशिफल




पं. ज्योतिषः तोयानाथ सुवेदी
ॐ तुलसी मेडीकल हल, हेटौंडा-८, कमाने
सम्पर्क : ९७४५०२८५५५

| | |
|---|---|
| मेष | : धार्मिक तथा सामाजिक क्षेत्रमा सफलता प्राप्त । |
| वृष | : वैदेशिक यात्रा प्रयोजनका कामबाट लाभ प्राप्त । |
| मिथुन | : पारिवारिक स्वास्थ्यले चिन्तित बनाउने योग । |
| कर्कट | : साथीभाई र कामदारले धोका दिने समय योग । |
| सिंह | : भौतिक सुविधा सामग्रीमा धन खर्च हुने समय । |
| कन्या | : व्यापार र धार्मिक क्षेत्रबाट लाभ प्राप्त योग । |
| तुला | : परिश्रमले काममा पूर्णता प्राप्त योग रहने छ । |
| वृश्चिक | : आवस्मिक रुपमा धनप्राप्ति हुने समय योग छ । |
| धनु | : प्रेम तथा दाम्पत्य जीवनमा तिक्तता आउला । |
| मकर | : मन दर्शक र चिन्तितमा केन्द्रित रहेन योग छ । |
| कुम्भ | : धर्ममा आघात र व्यावसायिक आघात आइपर्ला । |
| मीन | : अध्ययन-अध्यापनमा सफलता प्राप्त योग छ । |

# शैक्षिक र साहित्यिक व्यक्तित्व तुल्सी थापाबाट केहि सिक्ने कि ?



✍ रमेश प्रसाद लामिछाने



तुल्सी थापा मकवानपुरको शैक्षिक र साहित्यिक वृत्तमा परिचय दिइरहनु पर्ने नाम होईन । २०८० भाद्र ८ गते ७८ वर्षको उमेरमा तुल्सी सर भौतिकरुपमा यो दुनियाँबाट बिदा हुनुभयो । सादा जीवन, सच्चा चरित्र, कठोर स्वाभिमानी व्यक्तित्व तुल्सी थापाले समाजको अग्रगतिका लागि शिक्षा र साहित्यका माध्यमबाट प्रदर्शन गर्नुभएको भूमिकाकै कारण मकवानपुरको एक अविस्मरणीय व्यक्तित्वकोरुपमा उहाँलाई चिरकालसम्म स्मरण गरिरहनेछ ।

हेटौँडाबाट ११ किलोमिटर उत्तरतर्फ भीमफेदी जाने र काठमाडौं जाने त्रिभुवन राजपथको दोभानमा अवस्थित सानो तर पुरानो बजार भैंसेका स्थायी बासिन्दा तुल्सी सरले हेटौँडा तथा काठमाडौंमा बसाईं सर्ने अनि ठूला महलको सपना कहिल्यै नदेखेको भन्दा अत्युक्ति नहोला । तीसकै दशकमा अंग्रेजी मूल विषय लिई स्नातक उत्तीर्ण व्यक्ति अन्य सरकारी जागिरको कुन तह र पदमा पुगेका थिए र छन् भन्ने चर्चा यहाँ गरिरहन जरुरी नपर्ला । व्यक्तिगतरुपमा म तुल्सी सरको गाउँले र पारिवारिक सम्बन्धको निकट होईन । पुस्ताले उहाँ म भन्दा अघिल्लो पुस्ताको भएर पनि शिक्षण पेशामा मैले नजिकिने अवसर पाउँदा थोरै समयमा उहाँबाट धेरै सिकेको महसुस गरेको छु ।

मेरो तुल्सी सरसँगको प्रत्यक्ष परिचय २०४९ सालमा पोखरामा सञ्चालित 'स्कूल म्यापिङ सेमिनार' मा भएको हो । उक्त सेमिनारमा विशालकुमार शर्मा सरले तीन पुस्ता भेट भएछ भनी तुल्सी सरलाई आफ्नो पनि गुरु भनेर चिनाउनु भएको थियो । विद्यालयको वैज्ञानिक नक्शाङ्कनका लागि तुल्सी सरले त्यसबेला व्यक्त गर्नु भएको विचार आज पनि सान्दर्भिक छ । विद्यालय स्थापनामा दूरी र जनसंख्यामात्र हैन, भौगोलिक बनावटसहित बाटो लगायतका भौतिक सुविधा समेत ख्याल गरिनु जरुरी छ भन्ने उहाँको भनाई आज पनि विचारणीय छ । तत्पश्चात् तुल्सी सरसँगको भेटघाट क्रमश: केहि बाक्लो बनेको र मैले तुल्सी सरसितको प्रत्येक भेटबाट केहि न केही सिक्ने गरेका दिनहरु बिर्सन सक्दिनँ ।

त्यतिबेला उहाँ कालिका मावि नामटारको प्रधानाध्यापक भएकाले पनि बढि चर्चामा भएको तथ्य स्मरणीय छ । पचासको दशक प्रारम्भमा देशव्यापीरुपमा आएको बाढी पहिरोका कारणले व्यापक धनजनको क्षति भएको मकवानपुरमा पालुङ, नामटार, मनहरी, छतिवन, फापरबारी अधिक बाढीपीडित क्षेत्र घोषित भएका थिए । बाढीले नामटारको भुगोल नै क्षतविक्षत् गर्दै कालिका माविको नाम निशाना नै खोज्नुपर्ने स्थिति बनायो । त्यो स्थानमा अब विद्यालयको स्थापना सम्भव नभएको र बनाउन नसकिने भन्नेहरुका लागि तुल्सी सर पहाड झैं चुनौती सामना गर्न तत्पर भएकै कारणले आजको कालिका मावि नामटारको पहिचान बनेको छ ।

काठमाडौं र जापानलगायतका देशमा रहेका आफ्ना पूर्वविद्यार्थीसँगको सहकार्य, जाईकासँगको सम्बन्ध र आर्थिक सहयोग संकलनको नेतृत्व गर्दै निरन्तर जुटेर पहिरो र बगर हटाएर बिकट स्थानमा विद्यालय भवन निर्माण गर्न सफल हुनुभएको, अझ पहिलेको भन्दा स्तरीय र सुविधायुक्त विद्यालय भवन बनाएर व्यापक विद्यार्थीको आकर्षण बृद्धि गर्न सकेकोमा सन्तोष व्यक्त गर्दा सरकारी व्यवहारबाट भने प्रशन्न हुन नसकेको उहाँको अभिव्यक्तिबाट स्पष्ट हुन्थ्यो । यो काम सहज र ठट्टा थिएन । तुल्सी सरको लगनशीलता र ईमान्दारिता नै यो सफलताको मूल कारण हो भन्नेमा कसैको बिमति छैन ।

तुल्सी सर अंग्रेजी भाषा विषयको कुशल र दक्ष शिक्षक समेत भएकाले जिल्लाका अंग्रेजी भाषा विषयका शिक्षकहरुको संस्था नेल्टाको अध्यक्ष बन्न तुल्सी सरलाई अनुरोध गर्दा 'तिम्रो प्रस्ताव ईन्कार गर्न मलाई कठिन भयो' भन्नु हुँदा म अति खुशी भएको क्षण हिजो जस्तो लाग्छ । तत्कालिन असहज र जटिल अवस्थामा हामी एकै समितिमा रहेर संस्था जीवित राख्नका लागि सक्दो प्रयत्न गर्दा तुल्सी सरको अभिभावकत्व अत्यन्त जिम्मेवार रहेको प्रमाण उक्त समितिका सबै पदाधिकारीहरु साक्षी हुनुहुन्छ । तत्कालीन एसएलसीमा अंग्रेजी भाषा विषयमा २५ अंकको परीक्षा प्रयोगात्मक हुने र सो परीक्षा सञ्चालनमा "लिस्निङ र स्पिकिङ" लाई प्रभावकारी र सही अर्थमा जाँच नै बनाउनु पर्छ, रत्ति पनि कमजोरी नहोस् भनी परीक्षार्थीको सही मूल्याङ्कनका लागि उक्त परीक्षामा संलग्न सबै अंग्रेजी शिक्षकहरुका मार्गदर्शक तुल्सी सर हुनुभएको अनुभव मैले गरेको छु । प्रयोगात्मक अंक दिँदा पूर्णाङ्क नै दिने, परीक्षा नै नलिने, नाम र अनुहार हेरेर अंक दिने, फर्जी अंकको ख्याल नगर्ने, सारमा औपचारिकता मात्र पूरा गर्ने संस्कार तोड्नै पर्नेमा बारम्बार जोडदिनुहुने तुल्सी सरको पेशाप्रतिको सम्मान र ईमान्दारिता उदाहरणीय भन्नै पर्दछ ।

तीसको दशकमा जनकल्याण मावि पालुङबाट काजमा तुल्सी सरलाई प्रजा विकास अधिकृत बनाएर मकवानपुरको पश्चिमी क्षेत्र मनहरी, राक्सीराङ, डाँडाखर्क, चितवनको समेत केहि भागका जंगलमा जीवन व्यतित गर्ने चेपाङ जातिको उत्थान र विकासका लागि स्थापना गरिएको कार्यक्रमको जिम्मेवारीमा खटाईएको थियो । प्रजा विकास कार्यक्रमको मुख्य कार्यालय मनहरीको चैनपुरमा स्थापना गरी चेपाङहरु (तत्कालीनरुपमा प्रजाहरु भनिएको) लाई सामाजिकीकरणमा गरेको सराहनीय योगदानको विस्तृत चर्चा प्रताप बिष्टले आफ्नो किताब "छेलिएका अनुहार" मा गर्नु भएको छ । उक्त किताबमा प्रताप विष्टले चेपाङ जातिको उत्पत्ति र उत्थानका बारेमा पिँधमै पुगेर चर्चा गर्दा तुल्सी सरको प्रारम्भिक योगदानका प्रसंगको उल्लेख गर्नुभएबाट उहाँको स्वभाव, कार्यशैली, चरित्र र इमान्दारिताको प्रभावकाबारेमा कतै कसैले शंका गर्ने ठाउँ छैन ।

कुनै पनि राजनीतिक पार्टीको खुलेर पक्ष नलिएको कारणले नै होला, उहाँको निधन हुँदा सायद शैक्षिक र साहित्यिक क्षेत्र बाहेक अरुले श्रद्धान्जलीका दुई शब्द व्यक्त गरेको पाइएन । यो तितो स्थितिले हाम्रो राजनीति र सरकारी अंगहरुको नियत अनि दृष्टिकोण छर्लङ्ग बनेको छ। तस्कर र अवसरवादी, अनि दिनको तीनपटक पार्टी बदल्ने र ठूलो रकममा पद किनबेच गर्नेहरुको भिडमा स्वाभिमानी श्रष्टाहरु ओझेलमा पर्नु नौलो विषय होईन ।

जागिरे जीवनको करिब अन्तितिर आईपुग्दा उहाँलाई स्थायी प्रकृतिका रोगहरुले गाँज्न शुरु गरेकाले अलि सुविधायुक्त ठाउँ भए हुन्थ्यो कि भन्ने उहाँको आशय बुझिन्थ्यो । सिधा खुलेर सरुवा माग भने गर्नु भएन । त्यतिबेला चाहना राखेर अलि चाकडी गरेको भए भूटनदेवी माविमा नै सरुवा हुन सकिने अवस्था थियो । अन्तमा, कृष्ण मावि भैंसेमा उहाँको सरुवा भयो । जागिरका विषयमा आफ्नो कुरो कहिल्यै नउठाउने स्वभावकै कारण तुल्सी सर एक स्वाभिमानी प्रधानाध्यापक बनेर अरु प्रधानाध्यापकहरुका लागि दह्रो उदाहरण र मार्गदर्शक बनेकाले नै म उहाँलाई प्रधानाध्यापकहरुको पनि प्रधानाध्यापक भन्न रुचाउँछु ।

साहित्यिक विधा शिक्षाकै एक महत्वपूर्ण अंग हो भन्नेमा बहस गरिरहननपर्ला । तुल्सी सरले साहित्यमा पाईलो कहिले राख्नु भयो, त्यो तिथि मिति बिस्तारै बाहिर आउला । उहाँले एकपटक मलाई आफूले लेखेको "अमरसिंहको खोजीमा अमर सिंह नाटक" पढ्न दिनुभएको र सोको समीक्षा समेत लेखेको मलाई राम्रो याद छ । यो नाटक राष्ट्रियस्तरमा मञ्चन भएको चर्चित नाटक पनि हो । सरले तीन वटा किताब लेख्नुभएको र कविता, नाटक, लेख तथा समिक्षाबाट साहित्यमा उहाँले उल्लेखनीय योगदान गरेको चर्चा अहिले बाहिर आइसकेको छ । आफ्ना विचारहरुको प्रस्तुतीका लागि साहित्यको मार्ग रोजेर यसैबाट केहि न केहि लेखेर समाजको समृद्धि र उन्नत स्थितिका लागि स्वाभिमान र ईमान्दारिता अनि लगनशीलताको सन्देशहरु प्रवाह गर्न ऐतिहासिक र यथार्थपरक लेखनको छनौट गर्नुभएको तथ्य उजागर भएको छ । अन्तमा, तुल्सी सर भौतिकरुपमा हामीसँग नहुनु भएपनि सरको स्वाभिमान र लगनशीलताको योगदानले समग्र शैक्षिक अनि साहित्यिक क्षेत्रमा कम्तिमा अनुकरणीय उदाहरणीय व्यक्तित्व एवम् श्रष्टाको रुपमा सरकारीस्तरबाटै ग्रहण गरिएमा उच्च सम्मान हुने अपेक्षा सहित तुल्सी थापा सरप्रति भावपूर्ण श्रद्धान्जली अर्पण गर्दछु ।

*(लामिछाने हेटौँडा-६ स्थित बंशगोपाल माविका प्रधानाध्यापक हुनुहुन्छ ।)*

# भोको मान्छे स्वतन्त्र हुनै सक्दैन



✍ बिक्रम खतिवडा

*"खाना तीन दिन पुरानो थियो*
*तर भोक चार दिनको*
*त्यो बच्चाले निकै आनन्द मान्दै खायो*
*किन कि भोक भन्दा खाना ताजा थियो ।"*

माथि उल्लेख गरिएका हरफ सामाजिक सञ्जालमा पढेपछि खै मेरा मन, मस्तिष्कले धेरै कुराहरु सोच्न बाध्य भए । हुन त विश्व भोकमरी सूचकांकमा दक्षिण एसियामा नेपाल अन्य मुलुकको तुलनामा सुरक्षित देखिएको छ । भारत, पाकिस्तान, बंगलादेश र अफगानिस्तान नेपालको दाँजोमा कमजोर देखिन्छ । नेपालको संविधान २०७२ ले खाद्य अधिकारलाई सुनिश्चित गरेको छ । यो कति कार्यान्वयन भयो भन्नुभन्दा पनि आज सामाजिक भोकको विषयमा चाहिँ सोच्न ढिला पो भयो कि भन्ने लागेको छ ।

तर हामी भित्र देखिएको शिक्षा, रोजगारी, आर्थिक सम्पन्नता, सुशासन एवम् प्रविधि लगायतका कुरामा बढ्दो भोकले चै हामीलाई बिस्तारै गम्भीर बनाउँदैछ । वास्तवमा यस्तै भोकले नै तपाई हामीलाई बिस्तारै दास बनाउँदै छ । जस्का लागि तपाई-हामी आ-आफ्नो क्षेत्रबाट आफुलाई कति आवश्यक के कुरा को आवश्यक्ता हो बुझेर अघि नबढ्ने हो भने र राज्यस्तरबाट पनि समयमा नै यि समस्याको पहिचान गरी आवश्यक कदम नचाल्ने हो भने बिस्तारै हामी थप जटिलतातर्फ अघि बढ्ने लगभग पक्का छ ।

समाजमा हुने विकृति, विसंगति पनि त्यहि भोककै उपज हो भन्दा फरक नपर्ला । जब कुनै पनि कुराको भोकले व्याकुल बनाउँछ नि अनि विस्तारै मान्छे होस या कुनै प्राणीले आफ्नो चैन गुमाउँदै जान्छ । उसँग त केवल उसको त्यो भोक पूर्ति गर्नुपर्ने बाध्यता, आवश्यकता र ईच्छाको भोक भन्दा ठूलो अर्को केहि हुनै सक्तैन । यदि यो भोकको पहिचान सही समयमा हुन सक्ने हो भने समाज रुपान्तरणमा खासै समय पक्कै लाग्ने थिएन होला । र समाजमा हुने बेथिति लगायतका विकृति पनि बिस्तारै कम हुँदै जाने कुरामा विश्वस्त हुन सकिन्छ । उचित शिक्षा र उज्ज्वल भविष्यको भोकले आज हाम्रा दैनिक सयौं युवा अनि करोडौं रुपैयाँसहित परिवार छाड्न बाध्य छन् ।

के राज्यस्तरबाट उचित नीति बनाएर चाहेको खण्डमा जनताको त्यो भोक मेटाउन नसकिने थियो र ? श्रम बजारको हालत उस्तै छ । मासिक तीस हजार रुपैयाँ कमाउन आज खाडीमा तल्लो स्तरको काममा जानका लागि नेपाली युवाको तँछाड-मछाड देख्दा उदेक लाग्छ । आखिर कहिलेसम्म ? पशुपति आर्यघाट पारी बसेर घाटैतिर फर्केर दुई

बाँकी पृष्ठ ३ मा

# पार्टी सुध्रिन के के गर्नुपर्छ भनेर बुझ्न हामी जनताको बीचमा जाँदैछौं ।

सत्तारुढ नेपाल कम्युनिष्ट पार्टी (नेकपा) माओवादी केन्द्रले तीन महिने जनतासँग माओवादी अभियानको सुरुवात गरेको छ। जनताको घरदैलोमा पुगेर विविध क्रियाकलाप गर्दै पार्टीलाई समुदायसँग जोड्ने प्रयास भएको देखिन्छ। निर्वाचन सकिएको एक वर्ष हुँदै गर्दा नै माओवादीले जनतासम्म पुगेर के सन्देश प्रवाह गर्न खोजेको हो ? जनतासँग माओवादीले के के गर्छ भन्ने विषयमा समृद्ध समाज दैनिकका लागि सुमिना चौलागाईले नेकपा माओवादी केन्द्र हेटौँडा उपमहानगर कमिटीका अध्यक्ष तीर्थबहादुर थापा मगरसँग गर्नुभएको कुराकानीको सम्पादित अंश:

**समाज: माओवादीको तीन महिने जनतासँग माओवादी अभियानको सुरुवात भएको छ । चुनाव आएको छैन, चुनाव नै नआइकन जनतासम्म पुग्ने यो अभियान किन र केका लागि ?**

**मगर**: अहिले हामीले घरघरमा माओवादी नाम राखेर विशेष अभियान दिएका छौं भने भदौ १६ गतेदेखि मंसिरको १६ गतेसम्मका लागि हामीले ३ महिना घरघरमा माओवादी जनजनमा माओवादी अभियान सुरु गरेका छौं । यो अभियान चुनावसँग सम्बन्धित छैन । जनतासँग माओवादी र विशेष रुपान्तरण भनेका छौँ। हिजोको दिनमा हामी जनताबाट भएको अनुभूति गरेको छ । त्यसैले विशेष रुपान्तरणमा नयाँ विचार बनाउने, संगठनलाई सुदृढीकरण गर्ने र जनताको पार्टी बनाउने भनेर हामी यो अभियानमा लागेका छौं ।

**समाज: सत्तामा रहिरहेका बेला माओवादीले राज्यसत्तामार्फत नै राम्रा काम गरे पुग्थेन ?**

**मगर**: सत्ता पुग्ने भन्ने र सरकारमा रहने भन्ने कुरा फरक छ। सत्ता भन्नाले समग्र राज्यका अङ्गहरु भन्ने बुझ्नु पर्दछ। माओवादी पटक-पटक सरकारमा गएको छ। अहिले पनि हामी सरकारमै छौं। सरकारमा गएर पनि हामीले काम गर्ने अवसर पाएका छैनौं । त्यसैले अहिले सरकारले गरेका राम्रा कुराहरु छन्। जस्तै हामीले सुशासनका कुरा उठाएका छौं। सामाजिक न्यायको कुरा गरेका छौं । अर्को समृद्धिका कुरा जनतासम्म पुऱ्याउनुपऱ्यो भनेका छौं। माओवादीको निर्णय के छ भने २५ लाख मतदातासँग प्रत्यक्ष भेट्ने र हामीले गरेका राम्रा कामको कुरा गर्ने भनेका छौं। माओवादी बिग्रेको पनि हामीले महसुस गरेका छौं। पार्टी सुध्रिनका लागि जनताले प्रश्न गरोस्। पार्टी सुध्रिन के के गर्नुपर्छ भनेर बुझ्न हामी जनताको बीचमा जाँदैछौं।

**समाज: जनतासँग माओवादीले भेट्दा के-के गर्ने योजना बनाएको छ ?**

**मगर**: अहिले हामीले तीनवटा कुरा भनेका छौं । जनतासँग जाँदै गर्दा हामीले सोध्छौं हामीले के-के कुरा सुधार्नु पर्छ ? हामी सरकारको नेतृत्व गरिरहेको पार्टी भएकोले हामीले के गर्न सक्नुपर्छ ? हामी राजनीतिक रुपमा परिवर्तन गर्न त सफल भयौं तर आम मानिसको जीवनमा अपेक्षित परिवर्तन गर्न सकेनौं। त्यसको आधारमा जनतासँग संवाद गर्ने, गुनासो सुन्ने, सुझावहरु लिने, त्यसको आधारमा आगामी दिनमा सरकार चलाइरहेको हुनाले सरकारको त्यसमा ध्यानाकर्षण गर्ने जस्ता योजना बनाएका छौं।

**समाज: तपाइँ हेटौँडा उपमहानगर कमिटीको अध्यक्ष हुनुहुन्छ । मकवानपुर जिल्लामा माओवादीको अवस्थालाई कसरी विश्लेषण गर्नुहुन्छ ?**



**तीर्थ बहादुर थापा मगर**
**हेटौँडा उपमहानगर कमिटी अध्यक्ष**
**नेकपा माओवादी केन्द्र**

**मगर**: माओवादीको स्थानीय तहको मत हेर्दा मकवानपुर जिल्लामा बलियो उपस्थिति रहेको छ। हामीले के भनेका छौं भने मकवानपुरका माओवादी कस्तो छ त भन्दा पार्टीलाई विधि र पद्दतिमा लैजानु पर्नेछ। हामीलाई आरोप पनि छ तर माओवादी पार्टी विधि र पद्दतिमा चलेन, विधि र पद्दति मिचेर अगाडि बढ्यो भन्ने आरोप पछि छ । पार्टीलाई विधानसम्मत लैजाने हामी कोसिस गरिरहेका छौं। यो तीन महिनाको अभियानपछि पार्टीको विधान अधिवेशन गर्ने गर्दैछौं । त्यसपछि विशेष महाधिवेशन गर्ने भनेका छौं । मकवानपुरको १० वटै पालिकालाई हेर्छौं भने हामी मजवुद अवस्थामा छौं । अझ पार्टीलाई हामी पद्दतिमा चलाउने प्रयास गरिरहेका छौं। यो तीन महिनाको अभियानपछि हामी शक्तिशाली पार्टी बनाउने प्रयासमा छौं।

**समाज: तपाइँहरु जनता भनेर आफ्नै पार्टीको कार्यकर्तासँग मात्रै कुरा गरिरहनुभएको छ । आमरुपमा जनतासम्म गएजस्तो त देखिँदैन नि ।**

**मगर**: होइन हामीले यो कार्यक्रम भर्खर सुरुवात गरेका छौं । भदौ १६ गतेबाट हामीले देशैभरबाट अभियान सुरु गरेका छौं । पार्टी अध्यक्ष तथा प्रधानमन्त्रीले अभियानको उद्घाटन गर्नुभयो। यो अभियानलाई हामीले तीन चरणमा अगाडि बढाएका छौं। सुरुमा हामीले हाम्रो पार्टी कमिटीहरुलाई अलिकति व्यवस्थित गर्ने भनेका छौं । बैठक, भेला, सदस्य विस्तार, नवीकरण, प्रशिक्षण, अभिलेख व्यवस्थापन लगायतका कार्य गर्ने भनेका छौं। दोस्रो चरणको रुपमा विभिन्न स्कुलिङ, तालिम, गोष्ठीलगायतका टोलटोलमा युवा भेला, स्थानीय तह, सामाजिक संघ, संस्था, जिल्ला, पालिकाभित्र रहेका जति पनि सरोकारवाला छन् उनीहरुसँग अन्तरक्रिया गर्ने संवाद गर्ने भनेका छौं भने तेस्रो चरणमा माओवादीकै पार्टीभित्र नरहेका, माओवादीलाई समर्थन गर्ने तहमा जाने । कम्तिमा २५ लाख मतदातासम्म पुग्ने, उहाँहरुलाई भेट्ने भनेर यो अभियान सुरु गरेका छौं ।

**समाज: यो तीन महिने अभियान पूरा हुँदै गर्दा माओवादी र जनताबीचको सम्बन्ध कस्तो हुने अपेक्षा गर्नुभएको छ ?**

**मगर**: यो अभियान हामीले सुरुवात गरेका छौं । हामीले घोषणा पनि गरेका छौं। हामीले भनेका छौं, हाम्रो शरीरमा नङ्ग र मासुको सम्बन्ध जस्तो हुन्छ त्यस्तै सम्बन्ध कायम गर्न चाहान्छौं। जनताको हित र चाहना माओवादीले नै पूरा गर्नेछ भन्ने बुझाउने गरी घनिष्ट सम्बन्ध कायम हुनेछ भन्ने विश्वास छ।

## अभिभावकको उपस्थितिमा नतिजा सार्वजनिक

समाज संवाददाता

हेटौंडाः हेटौंडा-१८, दोभानचौरस्थित कमला आधारभूत विद्यालयले गत बुधबार प्रथम त्रैमासिक परीक्षाको नतिजा सार्वजनिक गरेको छ । अभिभावकको उपस्थितिमा विद्यालयले नतिजा सार्वजनिक गरेको हो।

गत साउन महिनामा लिइएको परीक्षाको नतिजा सार्वजनिक गरिएको कमला आधारभूत विद्यालयका प्रधानाध्यापक गोविन्द उप्रेतीले जानकारी दिनुभयो। विद्यालयको नतिजा चित्तबुझ्दो नभएको उहाँले दावी गर्नुभयो । 'तल्लो कक्षाको अलि राम्रो देखिन्छन्, तर माथिल्लो कक्षाको भने कमजोर छ', प्रधानाध्यापक उप्रेतीले भन्नुभयो– 'विद्यार्थीमा पठन संस्कृति हराउँदै गएको छ। पहिलाको तुलनामा नतिजा सुधारोन्मुख देखिए पनि चित्तबुझ्दो छैन।'

नतिजा सार्वजनिक गरिएसँगै कक्षागत उत्कृष्ट विद्यार्थीलाई स्टेशनरी सामग्रीले पुरस्कृत गरिएको छ । कक्षागत प्रथम, द्वितीय र तृतीय हुने विद्यार्थीलाई पुरस्कृत गरिएको बताइएको छ। अभिभावकले उक्त कार्यलाई स्वागत गरेको प्रधानाध्यापक उप्रेतीको भनाइ छ। आउँदो दिनमा शैक्षिक गुणस्तर वृद्धिका लागि परीक्षालाई परिस्कृत गर्दै लैजाने उहाँले बताउनुभयो। विद्यालयमा करिब ३ सय ५० जना विद्यार्थी अध्ययनरत छन्।

## अल्पसंख्यकसँग प्रहरी कार्यक्रम

समाज संवाददाता

हेटौंडाः हेटौंडामा आइतबार अल्पसंख्यकसँग प्रहरी कार्यक्रम भएको छ । जिल्ला प्रहरी कार्यलय मकवानपुर, मकवानपुर सामुदायिक प्रहरी सेवा केन्द्र तथा हेटौंडा उपमहानगरपालिकाको सहकार्यमा कार्यक्रम भएको हो।

अल्पसंख्यकहरुको हक सुनिश्चित गर्न र समान हक अधिकारको परिपूर्तिका लागि आवाज उठाउने उद्देश्यले कार्यक्रम गरिएको हो । समाजले अल्पसंख्यकलाई हेर्ने नजर परिवर्तन हुने आशाका साथ प्रहरी प्रतिनिधि एवम् पत्रकारहरुमाझ कार्यक्रममा छलफल भएको छ।

अल्पसंख्यक समूहको प्रतिनिधित्व गर्दै किरण थापाले विगत १४ वर्षदेखि मानव अधिकारको प्रत्याभूति र रोजगारीको अवसरका निमित्त माग गर्दै आएको बताउनुभयो । अल्पसंख्यक भएकै कारण घरदेखि समाज र पूरा राज्यबाट अपहेलित भएको उहाँको भनाइ छ । राज्यले कुनै अधिकार प्रदान नगरेको र नेपाली भएर पनि आफ्नो पहिचान खुलाउने नागरिकतासमेत दिन नसकेको बताउनुभयो।

कार्यक्रमका विषेश अतिथि प्रहरी निरीक्षक दाताराम अधिकारीले सबैले समानतापूर्वक बाँच्न पाउनु पर्छ भन्दै सडकमा नबसी हकका लागि अघि बढ्न आग्रह गर्नुभयो। रोजगारीका लागि पहल गर्न र सीप सिकेर स्वरोजगार बन्न आग्रह गर्दै देहव्यापार, लागूऔषधजस्ता क्रियाकलापमा नलाग्न अनुरोध गर्नुभएको छ।

कार्यक्रमका प्रमुख अतिथि हेटौंडा उपमहानगरपालिका १० नम्बर वडा अध्यक्ष फुर्वा दोर्जे लामाले सकेसम्म स्थानीय निकायलाई रोजगारीको अवसर मिलाइदिन पहल गर्ने प्रतिवद्धता व्यक्त गर्नुभयो । हेटौंडामा जति पनि अवसरहरु आउँछन् सबैमा केहि हदसम्म रोजगारी प्रदान गर्दै सहयोग गर्ने उहाँले बताउनुभयो।

वडादेखि नगर, नगरदेखि प्रदेश र प्रदेशदेखि केन्द्रसम्म अल्पसंख्यकको समस्या पुग्नुपर्ने सामुदायिक प्रहरी सेवा केन्द्रका सदस्य प्रदिप कँडेलले बताउनुभयो। तीनै तहको सरकारले अल्पसंख्यकहरुको हकका निमित्त आवश्यक नीति तयार पार्न उहाँले माग गर्नुभयो। अल्पसंख्यकको समस्यालाई छलफलमा मात्र सिमित राखेर बारम्बार आन्दोलित बनाउने क्रमको अन्त्य हुनुपर्ने उहाँको भनाइ छ।

## जीप दुर्घटना हुँदा दुई जनाको मृत्यु

समाज संवाददाता

हेटौंडाः सिन्धुपाल्चोक जिल्लाको सुनकोशी गाउँपालिका-७, पाँचकिलोमा जीप दुर्घटना हुँदा दुई जनाको मृत्यु भएको छ। जीपमा रहेका चार जना घाइते भएका छन्।

शनिबार जिरी लामोसाँघु सडकखण्डमा दोलखाबाट खाडीचौरतर्फ आउँदै गरेको बा १५ च ९३७० नम्बर स्कार्पियो गाडी आफैं अनियन्त्रित भई सडकको घुम्तीबाट ३ सय मिटर तल खस्दा दुर्घटना भएको प्रदेश प्रहरी कार्यालय हेटौंडाले जानकारी दिएको छ।

दुर्घटनामा मृत्यु हुनेमा काठमाडौंको नागार्जुन नगरपालिका-४ का ३६ वर्षीय उत्तम महर्जन र सिन्धुपाल्चोकको बाह्रबिसे नगरपालिका-७, घुम्थाङका ४१ वर्षीय बलबहादुर खत्री रहेको प्रहरीले जनाएको छ । दुर्घटनामा रामेछाप उमाकुण्ड गाउँपालिका-२ की ३७ वर्षीया संगीता बराइली, बराइलीको ८ वर्षीया छोरी युशा बराइली, गोकुलगंगा गाउँपालिका-१ की ५५ वर्षीया डोल्मा शेर्पा र काठमाडौं नगरपालिका-७ का १४ वर्षीय प्रमोद महर्जन घाइते भएका छन्। घाइते चार जनाको सदाबहार अस्पतालमा उपचार हुन नसकेपछि थप उपचारका लागि काभ्रेको धुलिखेल अस्पतालमा पठाइएको प्रहरीले जनाएको छ।

## गिद्ध संरक्षणसम्बन्धी चेतनामूलक कार्यक्रम




समाज संवाददाता

हेटौंडाः नेपाल पछी संरक्षण संघ हेटौंडाको आयोजनामा गिद्ध संरक्षणसम्बन्धी सचेतनामूलक कार्यक्रम सम्पन्न गरिएको छ । आइतबार हेटौंडा-५, पिप्लेस्थित बालज्योति माध्यमिक विद्यालयका विद्यार्थीहरुलाई सचेतनामूलक कार्यक्रम गरिएको हो।

पन्ध्रौं अन्तर्राष्ट्रिय गिद्ध सचेतना दिवसको अवसरमा कार्यक्रम गरिएको बताइएको छ । संघले तेस्रो दिनको कार्यक्रमको रुपमा विद्यार्थीबीच सचेतनामूलक कार्यक्रम गरेको हो। नेपालमा पाइने गिद्ध, उनीहरुले वातावरणमा पुऱ्याउने फाइदा र गिद्ध लोप हुँदै जानुका कारण बारेमा विद्यार्थीलाई जानकारी दिइएको थियो।

कार्यक्रममा पछी संरक्षण संघ हेटौंडाका सदस्य निश्चल भट्टले मरेको जनावरको सिनो खाई वातावरणलाई दुर्गन्धरहित, सफा र सन्तुलित राख्न गिद्धको महत्वपूर्ण भूमिका रहने जानकारी दिनुभयो। उहाँले मानिसहरुलाई लाग्ने हैजा, झाडापखालाजस्ता रोगबाट सुरक्षित राख्न गिद्धकै आवश्यकता पर्ने बताउनुभयो।

गिद्धले गुँड लगाउने ठूला-ठूला सिमलका रूखहरू नाँसिदै गएको र गिद्धको आहारा प्रजातिको कमी हुँदै गएकाले सबै मानिस गिद्धको संरक्षणमा लाग्नुपर्ने कार्यक्रममा जानकारी गराइएको थियो । सचेतनामूलक कार्यक्रममा बालज्योति माविका कक्षा ९ र १० का करिब ६० जना विद्यार्थीको सहभागिता थियो।

## भोको मान्छे...

घण्टा बस्दा नरसाएका आँखा त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलबाट देश छाड्न बाध्य हुनेहरुको भीडमा बस्ने हो भने त्यो दुधे बालकले रुँदै आफ्नी आमाको साथ नछाडेको दृश्य अनि एक महिने छुट्टीमा घर आएर बिहे भाको बीसौं दिनमा कमाउन भन्दै परदेशिने त्यो छोरालाई खादा ओढाउन आएका बाबुको आँखामा झल्किने पीडा होस् या त आफ्नो प्रियजनसँग रुँदै छुट्न नसकेको प्रियसीको पीडा त्यो कारुणिक दृश्यले पन्ध्र मिनेट भित्रै आँखा रसाएको पत्तै हुन्न ।

सरकार के हामीले त्यसलाई व्यवस्थित गर्न नसकने नै हो त। राज्यले त्यो रोजगारीको भोक बुझ्न सक्नुपऱ्यो। यदि अझै ढिला गरिन्छ भने हेक्का रहोस् भोको पेटले जात, धर्म, संस्कृति भुल्छ। ईमान बिर्सन्छ । भोकै रुँदै हिँडेकाले राष्ट्रियता पनि भुल्छन् । रम्छ उतै परदेशमै घरदेश उस्का लागि बिरानो भैदिन्छ। आखिर यो नियति कहिलेसम्म देख्न अनि भोग्नु पर्ने हो खै। अनि त्यो भोकले गाँजिएर कुपोषित हुने हामीलाई कठै चैं कसले भन्ला खै ?

### एमाले लुम्बिनी प्रदेश अधिवेशन

# अध्यक्षका लागि कँडेल र रिजालको उम्मेदवारी

बुटवलः नेकपा एमाले लुम्बिनी प्रदेश अध्यक्षका लागि दुई जनाको उम्मेदवारी परेको छ । सहमतिको प्रयास असफल भएपछि राधाकृष्ण कँडेल र हरि रिजालले उम्मेदवारी दर्ता गरेका हुन् । प्रदेश अधिवेशन उद्घाटनका क्रममा अध्यक्ष केपी शर्मा ओलीले सहमतिको सन्देश दिन निर्देशन दिएपछि नेताहरु छलफलमा जुटेका थिए। तर दुबै आकांक्षी एकअर्कालाई छाड्न तयार नभएपछि निर्वाचन नै हुने पक्का भएको छ।

दुबैले उम्मेदवारी दर्ता गरेका छन्। कँडेलको प्रस्तावकमा राजुप्रसाद श्रेष्ठ र समर्थकमा भोजराज पोखरेल छन् । रिजालको प्रस्तावकमा विजयबिराट विष्ट र समर्थकमा बाला सिंह काउछा छन् । उम्मेदवारी दर्ताको समय सोमबार विहान १० बजेसम्म छ । आइतबार दिनभर जारी रहेको निर्वाचन प्रक्रिया नटुङ्गिएपछि निर्वाचन मण्डलले सोमबार विहान १० बजेसम्मका लागि सबै काम स्थगित गरेको संयोजक हरिप्रसाद भण्डारीले बताए । आइतबार निर्वाचन प्रक्रिया अन्तर्गत मतदाताहरुको नामावली प्रकाशन तथा मनोनयन दर्ता गराएको भएपछि थप प्रक्रिया स्थगित गरेको हो।

सोमबार विहानैदेखि प्रक्रिया पूरा गरी उम्मेदवारहरुको नामावली प्रकाशन, दाबी विरोध, फिर्ता लगायतका काम हुने निर्वाचन मण्डलले बताएको छ। प्रदेशको पहिलो अधिवेशन भएकाले लुम्बिनीबाट जाने सन्देशले ठूलो महत्व राख्ने भन्दै अध्यक्ष केपी शर्मा ओलीले सकेसम्म सहमतिमा नेतृत्व चयन गर्न निर्देशन दिएर गएका थिए । बुटवलको अन्तर्राष्ट्रिय सम्मेलन केन्द्रमा जारी अधिवेशनका लागि १२ वटै जिल्लाका ८२ हजार ८९५ पार्टी सदस्यहरुबाट छानिएका प्रतिनिधि तथा विभिन्न २३ वटा जनसंगठनहरुबाट छानिएका गरी १००४ प्रतिनिधिहरु सहभागी छन्।

अधिवेशनले यसअघि ५७६ सदस्यीय रहेको प्रदेश संगठन कमिटीलाई २०५ सदस्यीय बनाउनेछ । सम्मेलनका लागि रुपन्देहीबाट सबैभन्दा धेरै १ सय ६४, कपिलवस्तुबाट ७२, दांङबाट १३१, बाँकबाट ५४, बर्दियाबाट ७४, रुकुमपूर्वबाट १२, रोल्पाबाट २७, प्युठानबाट ५७, अर्घाखाँचीबाट ८२, गुल्मीबाट १११, पाल्पाबाट ८३ र पश्चिम नवलपरासीबाट ५२ जना प्रतिनिधि छनोट भएका छन्। त्यस्तै जनसंगठनबाट ८३ गरी जम्मा १००४ जना प्रतिनिधि छनोट भएका एमाले प्रचार प्रसार विभाग प्रमुख डीआर घिमिरेले बताए। स्रोतः अनलाइनखबर।



# उसु संघलाई खेल सामग्री हस्तान्तरण



उसु संघ मकवानपुरलाई खेल सामग्री हस्तान्तरण गरिँदै ।

समाज संवाददाता

हेटौँडाः मकवानपुर जिल्ला खेलकुद विकास समितिले मकवानपुर जिल्ला उसु संघलाई खेलकुद सामग्री हस्तान्तरण गरेको छ । आइतबार खेलकुद विकास समितिको कार्यालय परिसरमा उसु संघका अध्यक्ष ज्योति रत्न बज्राचार्यसहित पदाधिकारीको उपस्थितिमा समितिका अध्यक्ष वेश खड्कीले खेल सामग्री हस्तान्तरण गर्नु भएको हो ।

३० हजार रुपैयाँ बराबरको ग्लोब्स, किकप्याड, पन्चिङप्याड, माकिबारा, ग्रोइङ गार्ड, स्किपरो हस्तान्तरण गरिएको छ । मकवानपुर जिल्ला खेलकुद विकास समितिका अध्यक्ष वेश खड्कीले खेलकुदको विकासका लागि आफूले योजना बनाएको र खेलकुद संघहरुलाई खेल सामग्री दिएर नियमित प्रशिक्षणका लागि प्रेरित गरेको बताउनुभयो । वार्षिक योजना बनाएर खेलकुद गतिविधि आयोजना गर्ने तयारी भइरहेको जानकारी गराउनु हुँदै अध्यक्ष खड्कीले जिल्लामा रहेका खेलकुद संघलाई पुनर्गठन गर्ने कार्य भइरहेको बताउनुभयो । खेलकुद संघसँगको सल्लाहमा वार्षिक योजना बनाइरहेको पनि उहाँले जानकारी दिनुभएको छ ।

उसु संघका अध्यक्ष ज्योतिरत्न बज्राचार्यले पहिलो पटक संघले खेलकुद विकास समितिबाट खेल सामग्री प्राप्त गरेको उल्लेख गर्नुहुँदै संघलाई स्वतःस्फूर्तरुपमा खेल सामग्री वितरण गर्ने कार्य सराहनीय भएको बताउनुभयो । खेलकुद विकास समितिले उसु खेलको विकासका लागि देखाएको चासो र प्रदान गरेको सहयोगले संघलाई सक्रिय हुन प्रेरित गरेको पनि बताउनुभयो । उसु खेलका प्रशिक्षक विमल थापा मगरले नियमितरुपमा उसु खेलको प्रशिक्षणमा १५ जना खेलाडी सहभागी हुने गरेको बताउनुभयो । उसु खेलको विकासका लागि विद्यालय तहमै प्रशिक्षण सञ्चालन गर्नुपर्ने आवश्यकता रहेको औँल्याउनुभयो ।

# राष्ट्रिय टिममा मकवानपुरका ३ खेलाडी

समाज संवाददाता

हेटौँडाः नेपाली फुटबलका प्रमुख प्रशिक्षकले म्यानमारसँग सेप्टेम्बर ८ र ११ मा खेल्ने मैत्रीपूर्ण खेलका लागि नेपाली टोलीको घोषणा गरेका छन् । मुख्य प्रशिक्षक भिन्सेन्जो अल्बर्टो एनेसले आइतबार टोलीको घोषणा गरेका हुन् । फिफा विन्डोअन्तर्गत पर्ने याङ्गुनमा नेपालले दुई मैत्रीपूर्ण खेल खेल्नेछ ।

मैत्रीपूर्ण खेलमा मकवानपुरका अञ्जन विष्ट, आयुष घलान र छिरिङ लामा राष्ट्रिय टोलीमा परेका छन् । अञ्जन र आयुष राष्ट्रिय टिमका नियमित सदस्य हुन् भने छिरिङ पहिलोपटक राष्ट्रिय टिममा परेका हुन् । प्रमुख प्रशिक्षक एनेसले गोलकिपरमा किरणकुमार लिम्बू, दीप कार्की र अभिषेक बराल, डिफेन्डरमा सनिश श्रेष्ठ, अनन्त तामाङ, आशिष गुरुङ, रोहित चन्द, अन्जन राई र छिरिङ लामा, मिडफिल्डमा एरिक विष्ट, सुदीप गुरुङ, लाकेन लिम्बू, आवास लामिछाने, उत्सव राई र कृतिशरत्न छुञ्जुलाई टिममा समावेश गराउँदा फरवार्डमा आयुष घलान, नवयुग श्रेष्ठ, अन्जन विष्ट, मनिष डाँगी, आशिष चौधरी, गिलेस्पजङ्ग कार्की, दिनेश हेन्जन र हिसुब थपलियालाई समावेश गरेका छन् ।

बालबालिकालाई मैत्रीपूर्ण वातावरणमा पढन, लेख्न सिकाउन अभिभावक जिम्मेवार बनौं ।
www.samriddhasamaj.com.np

## जिल्लास्तरीय स्क्र्याबलबाट उत्कृष्ट ५ छानिए

# राष्ट्रिय प्रतियोगितामा सहभागी हुने




जिल्लास्तरीय प्रतियोगितामा उत्कृष्ट ५ मा पर्न सफल विद्यार्थी ।

समाज संवाददाता

हेटौँडाः अक्षर मिलाएर शब्द बनाई खेलिने खेल स्क्र्याबल प्रतियोगिता हेटौँडामा भएको छ । हेटौँडा-४ स्थित नवोदय शिशु सदन इंग्लिस सेकेण्डरी स्कूलमा आइतबार भएको तेश्रो जिल्लास्तरीय स्क्र्याबल प्रतियोगितामा उत्कृष्ट ५ जना विद्यार्थी छानिएका छन् । ती विद्यार्थीले राष्ट्रिय प्रतियोगितामा सहभागिता जनाउनेछन् ।

जिल्लास्तरीय प्रतियोगिताबाट नवोदय शिशु सदनका चिराग डंगोल, बालजागृति इंग्लिस सेकेण्डरी स्कुलका प्रसिद्ध तिमल्सिना र आरुष राजथला, बंशगोपाल माविका गौरव श्रेष्ठ र युनाइटेड स्कूलका प्रकृति सेढाई उत्कृष्ट ५ मा परेका छन् । स्क्रेबल क्लब मकवानपुरका संयोजक विवशजङ्ग थापाको सभाध्यक्षता तथा हेटौँडा उपमहानगरपालिकाको शिक्षा विकास महाशाखाका प्रमुख गंगाधर रिमालको प्रमुख आतिथ्यमा उद्घाटन कार्यक्रम भएको हो ।

स्क्र्याबल प्रतियोगितामा मकवानपुर जिल्लाका ९ वटा विद्यालयका २० जना विद्यार्थी सहभागी भएका थिए । हेटौँडा-७ स्थित तासिर इंग्लिस सेकेन्डरी स्कुल, हेटौँडा-६ स्थित सुनगाभा शिक्षा निकेतन, हेटौँडा-२ स्थित बालजागृति बोडिङ्ग स्कूल, हेटौँडा-४ स्थित नवोदय शिशु सदन इंग्लिस सेकेण्डरी स्कूल, हेटौँडा-११ स्थित हेटौँडा एकेडेमी, हेटौँडा-१९ स्थित निर्मल मावि, हेटौँडा-६ स्थित वंशगोपाल मावि र मनहरी गाउँपालिकास्थित युनाइटेड स्कुलका विद्यार्थी सहभागी थिए । ४० मिनेटको ५ राउण्ड खेलाइएको थियो । आइतबार एक दिवसीय प्रतियोगितामा स्क्र्याबल क्लब पोखराका प्रमुख एवम् प्रशिक्षक अर्जुन पाण्डे निर्णायक हुनुहुन्थ्यो । उहाँले खेलको नियमबारे जानकारी दिनुभएको थियो ।

# साहित्य संगममा थपिए ३६ जना सदस्य

समाज संवाददाता

हेटौँडाः साहित्य संगम मकवानपुरमा ३६ जना सदस्य थपिएका छन् । संगमले सदस्य बन्न आह्वान गरेअनुसार ३६ जनाले नयाँ सदस्यता लिएका हुन् ।

संगमले आगामी शनिबार १६ औं अधिवेशन आयोजना गर्दैछ । हेटौँडा क्याम्पसको सभाहलमा अधिवेशन हुने साहित्य संगमले जनाएको छ ।

३३४ औं नियमित साहित्य सन्ध्यासँगै अधिवेशन पनि हुन लागेको हो । सोही अवसरमा सम्मान कार्यक्रमसमेत रहेको बताइएको छ । पुरानो सदस्यता नवीकरण गर्ने २ सय ७ जना र नयाँ सदस्यता लिने ३६ जना गरी साहित्य संगममा हाल २ सय ४३ जना सदस्य रहेको सचिव डीबी बर्तौलाले जानकारी दिनुभयो ।

# समिति बनाएर बालश्रम अनुगमन गर्दै उपमहानगरपालिका

समाज संवाददाता

हेटौँडाः हेटौँडा उपमहानगरपालिकाले बालश्रम अन्त्य गर्नका लागि प्रत्येक वडामा समिति बनाएर कार्य गरिरहेको छ । यो समिति गत बैशाखमा विस्तार गरेको हो ।

बैशाख महिनादेखि भदौ महिनाको बिचमा १९ जना बालबालिकाको उद्दार गरेर उनीहरुका अभिभावकलाई जिम्मा लगाएको र सचेतना जगाउने कार्य गरेको बालबालिका शाखाकी निर्देशक विष्णुकुमारी लामिछानेले बताउनुभयो ।

बालबालिकाहरु सकेसम्म श्रममा नलागुन् भनेर उपमहानगरपालिकाले विभिन्न सचेतनामूलक कार्य गरिरहेको उहाँले जानकारी दिनुभयो । बालबालिकालाई श्रममा लगाउने व्यक्तिलाई पनि कानुनबमोजिम कारबाही गर्ने गरेको निर्देशक लामिछानेले बताउनुभयो । हेटौँडा उपमहानगरपालिकाले वडास्तरीय, टोलस्तरीय सचेतीकरण कार्यक्रम गरिरहेको उहाँको भनाइ छ ।

शाखाका अनुसार ७ जना ट्याक्टरमा हिंड्ने बालकहरु विद्यालय जान थालेका छन् । उपमहानगरपालिकाले उद्दार गरेका १० जना बालबालिकालाई स्कूलको ड्रेस, झोला र कपडा वितरण गर्न लागेको बालबालिका शाखाले जनाएको छ । वडा तथा व्यक्तिले गरेको उजुरी, बाल हेल्पलाइनलगायतबाट आएको जानकारीका आधारमा बालश्रमिकको उद्दार गर्दै आएको शाखाका अधिकृत बिना ठिकेले जानकारी दिनुभयो । हेटौँडा उपमहानगरपालिकाले उद्दार गरेका बालबालिकाको घरपरिवारको अवस्था न्यून रहेको भेटिएको उहाँको भनाइ छ । उनीहरुका मागबमोजिम पशुचौपाया र सामग्री दिएर व्यापारका लागि वातावरण बनाइदिने योजना बनाएको बालबालिका शाखाका अधिकृत ठिकेले जानकारी दिनुभयो ।

श्री जनजागृति माध्यामिक विद्यालय (प्राविधिक शिक्षालय)
हेटौँडा उपमहानगरपालिका, वडा नं.-१५, रातोमाटे, मकवानपुर
अटोमोवाइल ईन्जिनियरिङ्ग बिषयमा प्रि-डिप्लोमा तह औधोगिक प्रशिक्षार्थी तालिम (अप्रेन्टिशीप) मा निःशुल्क प्रशिक्षणका लागि
सुनौलो अवसर । सुनौलो अवसर ।। सुनौलो अवसर ।।।
प्राबिधिक शिक्षा तथा व्यावसायिक तालिम परिषदबाट संचालित रोजगारीका लागि सीप (ENSSURE) परियोजनाबाट निःशुल्क संचालन गरिने प्रि–डिप्लोमा तहको २४ महिने अवधिको अप्रेन्टिशीप (औधोगिक प्रशिक्षार्थी तालिम) कार्यक्रममा शैक्षिक सत्र २०८०/०८१ को भर्नाका लागि अवसर खुलेको हुनाले १६ बर्ष पुगेका र SEE वा सो सरहको योग्यता पुगेका व्यक्तिले आवेदन दिन सक्नेछन् । यस तालिम कार्यक्रममा तालिममा सहभागीहरूलाई खाजा उपलब्ध गराइनेछ ।
औधोगिक प्रशिक्षार्थी (Apprenticeship) तालिम किन ?
१. प्रशिक्षार्थीले शिक्षालय र औधोगिक प्रतिष्ठान दुवै स्थानमा सीप सिक्ने अवसर पाइने ।
२. पेसासँग सम्बन्धित दक्ष व्यक्तिसँगै रहेर काम गर्न पाइने ।
३. तालिमको अवधिमा नै आय आर्जन हुने र तालिम पश्चात रोजगारी सुनिश्चित हुने ।
४. सफलतापूर्वक तालिम सम्पन्न गरेपछि प्रि–डिप्लोमाको प्रमाणपत्र पाइने ।
आवेदन काहाँ र कसरी दिने ?
१. विद्यालय प्रशासनमा सम्पर्क गरी आवेदन फारम भर्ने ।
२. फारम भर्ने मिति २०८०। ०५। १३ गतेदेखि २०८०। ०६। ०२ गतेसम्म ।
३. रीतपूर्वक भरिएको फारम विद्यालयमा बुझाउने ।
फारम भर्न चाहीने कागजातहरू:-
१. SLC/SEE को प्रमाणपत्रहरू र मार्कसिटको प्रतिलिपि ।
२. जन्मदर्ता तथा नागरिकताको प्रतिलिपि ।
३. पासपोर्ट साइजको रंगिन फोटो २ प्रति ।



सम्पर्क नम्बरहरु:
९८४५०३०८७६ (प्राचार्य), ९८४१२०८९१९ (वि.व्य.स. अध्यक्ष), ९८६५२१००१६ (तालिम सयोजक), ९८४५२९७६२६ (कार्यक्रम सयोजक), ९८४५४६३११० (सूचना अधिकारी) ९८४६६९५७३१ (प्रशिक्षक), ०५७(४१२६१९ (विद्यालय)

डेंगीबाट बचौं ।
- उच्च ज्वरो आउनु ।
- जोर्नी र मांशपेशीहरुमा असह्य पीडा हुनु ।
- आँखाको गेडी दुख्नु ।
- अत्याधिक टाउको दुख्नु ।
- शरीरमा राता बिमिराहरु आउनु ।
- वाकवाकी लाग्नु वा वान्ता हुनु ।

यस्ता लक्षणहरु देखापरेमा डेंगी हुन सक्छ । तत्काल चिकित्सक वा स्वास्थ्यकर्मीको सल्लाह लिऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

हेटौँडा रिफरेन्स ल्यावरोटरी
ELISA, CLIA तथा फुल्लि अटोमेटेड मेसिनद्वारा रगतको स्पेसल जाँचहरु गरिन्छ ।



Papcytology
-थाईराईड
-क्यान्सर
-रक्तअल्पता
-वाथरोग
-बाँझोपन
-भाइरस सम्बन्धी सम्पूर्ण परीक्षण गरिन्छ ।
साथै रगत, दिसा, पिसाब, पिप कल्चर समेत गरिन्छ ।
(HRL)
खुल्ने समयः विहान ७:०० बजेदेखि बेलुका ७:०० बजेसम्म
सञ्चालनको छोटो अवधिमै हाम्रो सेवालाई विश्वास गर्दै सेवा गर्ने अवसर दिनुहुने सम्पूर्ण सेवाग्राहीप्रति आभारसहित अब प्रत्येक महिनाको दोस्रो शनिबार सुगर जाँच निशुल्क र चौथो शनिबार थाइराइड जाँचमा ५० प्रतिशत छुट हुने सहर्ष जानकारी गराउँदछौं ।
थप जानकारीको लागि HRL
हेटौँडा रिफरेन्स ल्यावरोटरी
हेटौँडा–१, भिन्तुनापथ सम्पर्क फोन नं.: ०५७–५२०४५७

स्वादिष्ट नेवारी खाजा



अब होटल बासुकला (फास्टफुड) मा
स्वादका पारखीको विश्वास जित्दै २५ बर्षदेखि निरन्तर सेवामा समर्पित स्वादिष्ट नेवारी खाजा घरमा स्वागत गर्दछौं ।
नेवारी खाजा सेट, मःम, चाउमिन, बारा, योमरी लगायत
सुख्खा रोटी, आलु पराठा, फ्राइ राइस, मटन मम, बिरयानी, कोन डग, सेकुवा, चिकेन क्रन्ची,
होम डेलिभरीको पनि सुविधा रहेको जानकारी गराउँदछौं ।
०५७-५२६०१३

समृद्धि प्रकाशन प्रा.लि. द्वारा प्रकाशित, ठेगानाः हेटौँडा-४, अजरअमररोड, ०५७-५२६८३०, Email:sambridhasamaj@gmail.com, website:www.samriddhasamaj.com, प्रबन्ध निर्देशकः रोजिना श्रेष्ठ, सम्पादकः सुरेश श्रेष्ठ